# ॐ १३ ॐ

*[संवत् २०६० सालको पुरस्कार 'जगदम्बा-श्री' श्री अलि मियाँलाई र सोही सालको 'मदन पुरस्कार' 'नयाँ ईश्वरको घोषणा' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री गोपाल पराजुलीलाई समर्पण गर्न संवत् २०६१ साल कार्तिक १ गतेका दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण। यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १८१ बाट उद्धृत गरिएको हो।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

आदरणीय डा. कमलप्रकाश मल्लज्यू, आजका सम्मानित ब्यौलाद्वय, तथा बन्धुगण !

घुम्दैफिर्दै शारदीय नौरथा फेरि आइपुग्यो र तपाईंहरूको दर्शन पाउने सौभाग्य फेरि जुऱ्यो। यो सन्जोग जुराइदिनेमा आज हामीले चार जनाको गुन मान्नुपर्छ। पहिलो गुन स्वर्गीय लेफ्टिनेन्ट जनरल मदनशमशेरको- नेपालको धरतीमा जन्मेर यस गुठीको 'कारण' भैदिएकोमा। दोस्रो गुन स्वर्गीय रानी जगदम्बाको- भारतमा जन्मेर नेपाललाई आफ्नो कार्यभूमि बनाई यस गुठीको संस्थापना गरिदिएकोमा। तेस्रो र चौथो गुन आज म संयुक्त रूपमा तपाईंहरूको मान्छु हाम्रा सम्मानित व्यक्तित्वद्वयको। मदन पुरस्कार गुठीमा प्यारो गरेर हामी आफूले सम्मान गरेका व्यक्तिहरूलाई त्यस दिन 'ब्यौला'हरू भन्ने गर्छौं। सो, आजका ब्यौला तपाइंहरूलाई म यस कार्यक्रममा हार्दिक स्वागत गर्दछु। तपाइंहरूले नगरिदिएका भए आजको यो समारोह नै हुने थिएन !

अलि मियाँज्यू, सत्तरी वर्षदेखि अनवरत रूपमा नि:स्वार्थ भावले नेपाली लोकगीतको तपाईंले जुन सेवा गर्नुभयो र गर्दै हुनुहुन्छ, त्यो आफैमा प्रशंसनीय छ, स्तुत्य छ। त्यस्तो सेवाको सम्मान पुरस्कार दिएर मात्र हुँदैन। म तपाईंलाई हृदयको श्रद्धासुमन चढाउँदै स्वागत गर्दछु।

गोपाल पराजुलीज्यू, 'नयाँ ईश्वरको घोषणा' गरेर तपाईंले नेपाली साहित्य संसारमा नयाँ ख्याति आर्जन गर्नुभएको छ। त्यस्तो पुस्तकलाई हामीले आज सम्मान गर्न पायौं। हामीलाई त्यो मौका दिने तपाईंलाई स्वागत गर्न पाउँदा म अत्यन्त आनन्दित छु।

डा. कमलप्रकाश मल्लज्यू, आफ्नो ज्ञानको सागरबाट केही अंश हामीलाई बाँड्न आज यहाँ पाल्नुभएकोमा हामी गौरवबोध गर्दछौं। गुठीका तर्फबाट म तपाईंलाई न्यानो स्वागत जनाउँछु।

हाम्रा पाहुना गुणीजन, विद्वान्-विदुषीहरूमा पनि म स्वागत अभिवादन गर्दछु। अरु धेरै जनालाई निम्त्याउन नपाएकोमा दुःख त छ तर तपाईंहरू मात्रै पनि यसरी उपस्थित भैदिनुभएकोमा आनन्द लागेको छ। नेपाली बुद्धिजीवी तथा साहित्यिकहरूको तपाईंहरूमा प्रतिनिधित्व भएको हामीले ठानेका छौं। म तपाईंहरूलाई स्वागतम् भन्दछु, स्वागत छ!

☒ ☒ ☒